# सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना!

## सूचना प्रकाशित मितिः२०८३।०१।०७

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संसोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लेखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि मिति २०८२/१२/२७ मा १० (दश) दिनको सूचना प्रकाशन गरिएकोमा पुनः ५ (पाँच) दिन थप गरिएको हुँदा सो उपर आफ्नो राय प्रतिक्रिया यसै सूचनासाथ तोकिएको ढाँचामा mowcswdisability@gmail.com मा उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारण समक्ष अनुरोध छ।

सम्पर्क नंः ०१-४२००१२५

मो.नं. ९८५१०९८८५८

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनका लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धीमा भएको व्यवस्था अनुसार अपाङ्गता भएका व्यक्तिको समुदायमा पुनःस्थापनाको व्यवस्था गर्न ।
- हाल प्रचलनमा रहेको अपाङ्गता परिचयपत्र प्रदान गर्ने विधि र प्रक्रियालाई देशभरका सबै स्थानीय तहहरुमा एकरुपता कायम गरी अपाङ्गताको वर्गीकरणलाई थप स्पष्ट गर्न ।
- अपाङ्गता भएका व्यक्तिको अधिकारलाई समसामयिक र अपाङ्गतामैत्री बनाउनका लागि प्रचलित कानून बमोजिम राजनीतिक प्रतिनिधित्वको अधिकार, सूचना प्रविधि र सूचनालाई पहुँचयुक्त बनाउने व्यवस्था गर्न ।
- हालको अपाङ्गता राष्ट्रिय निर्देशन समितिको संरचनालाई पुर्नसंरचना गरी कार्यान्वयन योग्य बनाउने व्यवस्था गर्न ।
- अपाङ्गता भएका व्यक्तिलाई सहजरुपमा सेवा प्रदान गर्नका लागि घुम्ती सेवा सञ्चालन गर्न सक्ने व्यवस्था गर्न ।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- नेपालको संविधानमा भएको सूचनाको हक, शिक्षा सम्बन्धी हकलाई सुनिश्चित गर्न सहयोग पुग्ने ।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- हाल रहेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्दा थप नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने ।

**४. विधेयकको व्यवस्थाबाट दीगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

- दीगो विकासका १७ लक्ष्य मध्ये लक्ष्य नम्बर १० मा रहेको असमानता हटाउने विषय कार्यान्वयन गर्न सहज हुने र अपाङ्गता भएका व्यक्तिको सहभागिता वृद्धि हुने ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- वास्तविक वर्गले मात्र अपाङ्गता परिचयपत्रको प्राप्त गरी सामाजिक सुरक्षा भत्ता लगायत अन्य सेवा सुविधाको व्यवस्थापन सहजता कायम हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकुलमा पुग्ने सहयोगः**

नभएको

**७. अन्य आवश्यक विषयः**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी, २००६ र नेपालको संविधानको व्यवस्था अनुसार अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन सम्बन्धी कार्यलाई संघ, प्रदेश र स्थानीय तहमा अधिकार केन्द्रित गर्न खोजिएको ।

# मस्यौदा

## <u>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना:</u> अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३ मा संशोधन:</u>** अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"**३. <u>अपाङ्गताको वर्गीकरण:</u>** (१) व्यक्तिको शारीरिक अङ्ग वा प्रणालीमा भएको कार्यगत सीमितताका आधारमा अनुसूची-१ र असक्तताको गम्भिरताको आधारमा अनुसूची-२ मा उल्लेख भए बमोजिम अपाङ्गताको वर्गीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अपाङ्गताको वर्गीकरणलाई हेरफेर गर्न तोकिए बमोजिमको सिफारिस समिति रहनेछ।"

३. **<u>मूल ऐनको दफा ४ मा संशोधन:</u>** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "सम्बन्धित वडा कार्यालयको सिफारिस सहित स्थानीय तहमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित वडा कार्यालयले आफ्नो सिफारिस सहित सम्बन्धित गाउँ/नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।"

(३) उपदफा (३) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२क)" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (७) मा रहेका "पैंतीस दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरी सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित प्रदेशको अपाङ्गता क्षेत्र हेर्ने मन्त्रालयले तोकेको अधिकारी समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरी सम्बन्धमा प्रदेश मन्त्रालयले तोकेको अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (८) मा रहेका "परिचयपत्र दिने सम्बन्धी अन्य व्यवस्था" भन्ने शब्दहरूको सट्टा "परिचयपत्र दिने, त्यस्तो परिचयपत्रको वर्ग हेरफेर गर्ने तथा प्रतिलिपि दिने सम्बन्धी व्यवस्था" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल ऐनको दफा ६ मा संशोधन:</u>** मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **अभिलेख अद्यावधिक गर्नु पर्नेः** (१) स्थानीय तहले यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र र सो पछि प्रत्येक वर्ष आफ्नो क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहितको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेखमा समावेश नभएको अपाङ्गता भएका व्यक्तिलाई यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा तथा सुविधा प्रदान गर्न बाध्य हुने छैन। "

५. **मूल ऐनमा दफा ६क. थपः** मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छः-

"६क. **विद्युतीय सूचना प्रणाली सञ्चालनमा ल्याउन सक्नेः** (१) मन्त्रालयले दफा ४ र ५ बमोजिम अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र वितरण गर्न र सोको अभिलेख राख्न विद्युतीय सूचना प्रणाली सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय सूचना प्रणालीमा दफा ३ बमोजिमको अपाङ्गताको वर्गीकरण समेत खुलाई नेपाल सरकारले विकास गरेका अन्य सूचना प्रणालीसँग आबद्ध गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको विद्युतीय सूचना प्रणाली सञ्चालनमा ल्याएको अवस्थामा त्यस्तो प्रणालीमा रहेको तथ्याङ्कमा आधारित भई सम्बन्धित स्थानीय तहले परिचयपत्र जारी गरी अभिलेख अद्यावधिक गर्नु पर्नेछ।"

६. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर निजको समुदायको नजिक हुने गरी बासस्थान वा सेवा उपलब्ध गराउन बाधा पर्ने छैन।"

७. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) मा रहेका "प्राथमिकता साथ" भन्ने शब्दहरू पछि "पहुँचयुक्त ढाँचामा सूचना," भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (३) मा रहेका "गर्नको लागि" भन्ने शब्दहरू पछि "प्रदेश सरकार वा स्थानीय तह मार्फत" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) दफा शिर्षकको सट्टा "राजनीतिक सहभागिता र प्रतिनिधित्वको अधिकार" भन्ने दफा शिर्षक राखिएको छः-

(२) उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(२) अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम राजनीतिक प्रतिनिधित्वको अधिकार हुनेछ।"

९. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को उपदफा (२) मा रहेका "सुनिश्चित गर्न" भन्ने शब्दहरू पछि "उपयुक्त अनुकूलता सहितको" " भन्ने शब्दहरू थपिएका छन्।

१०. **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) मा रहेका "अपाङ्गमैत्री तथा पहुँचयुक्तताको आधारमा" भन्ने शब्दहरुको सट्टामा "अपाङ्गतामैत्री तथा पहुँचयुक्त ढाँचामा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "साङ्केतिक भाषामा" भन्ने शब्दहरु पछि "क्याप्सन सहितको" भन्ने शब्दहरु थपिएका छन्।

११. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ मा रहेका "अन्य व्यक्ति सरह" भन्ने शब्दहरू झिकि "सहयोगिका साथ" भन्ने शब्दहरु पछि "अन्य व्यक्ति सरह" भन्ने शब्दहरु राखिएका छन्।

१२. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को उपदफा (५) मा रहेका "मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता" भन्ने शब्दहरूको सट्टा "मानसिक वा मनोसामाजिक अपाङ्गता, मस्तिष्क पक्षघात, अटिज्म, श्रवण दृष्टिविहीन अपाङ्गता र बहुअपाङ्गता" भन्ने शब्दहरू राखिएका छन्।

१३. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (७) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरु पछि "बौद्धिक अटिजम" भन्ने शब्दहरु राखि "सुचना प्रविधिको" भन्ने शब्दहरुको सट्टा "सूचना प्रविधि र बैकल्पिक सञ्चारको" भन्ने शब्दहरु राखिएका छन्।

१४. **<u>मूल ऐनको दफा २४ मा संशोधनः</u>** मूल ऐनको दफा २४ को उपदफा (५) मा रहेका "कर्मचारीका लागि" भन्ने शब्दहरु पछि "उपयुक्त अनुकुलता सहित" भन्ने शब्दहरु राखिएको छ।

१५. **<u>मूल ऐनको दफा २६ मा संशोधनः</u>** मूल ऐनको दफा २६ को उपदफा (२) मा रहेका "निरीक्षण गर्न चाहनेका लागि" भन्ने शब्दहरू पछि "त्यस्तो प्रतिष्ठानको काम र सम्बन्धित व्यक्तिको गोपनीयतामा असर नपर्ने गरी" भन्ने शब्दहरू थपिएका छन्।

१६. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. <u>पुनःस्थापना सम्बन्धी व्यवस्थाः</u> (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना गर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि "पुनःस्थापना" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य उपचार, सहायक सामग्री वितरण, शिक्षा, सशक्तीकरण, परिवारको आर्थिक सशक्तीकरण, रोजगारी, सहयोगी सेवा वा पारिवारिक पुनःस्थापनामा जोड दिँदै समुदायमा आधारित पुनःस्थापना केन्द्र सञ्चालन गर्ने समेतको कार्य सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिलाई बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रमलाई समेत जनाउँछ।

(२) अपाङ्गता भएका व्यक्तिलाई समुदायमा पुनस्थापना गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तह वा दुवैसँग साझेदारी गरी उपदफा (२) बमोजिम पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम स्थापना र सञ्चालन हुने पुनःस्थापना केन्द्र दुई वा दुईभन्दा बढी प्रदेश सरकार वा स्थानीय तहले साझेदारीमा स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(५) उपदफा (१) बमोजिम पुनःस्थापना केन्द्रमा पुनःस्थापन हुने अपाङ्गता भएका व्यक्तिले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति पुनःस्थापना केन्द्रमा हस्तान्तरण गर्न चाहेमा प्रचलित कानून बमोजिम सम्पत्ति हस्तान्तरण गर्न सक्नेछ।

(६) कुनै संस्थाले तोकिए बमोजिम बमोजिम स्वीकृति लिई पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनका लागि "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई अपाङ्गता भएका व्यक्तिको पुनः स्थापना सम्बन्धी कार्य गर्ने संस्थालाई जनाउँछ।

(७) पुनःस्थापना केन्द्रलाई नेपाल सरकारले तोके बमोजिम आर्थिक सहयोग प्रदान गर्न सक्नेछ।

(८) यस दफा बमोजिम स्थापना र सञ्चालन हुने पुनःस्थापना केन्द्रमा हुनु पर्ने भौतिक तथा अन्य पूर्वाधार, व्यवस्थापन र सञ्चालन सम्बन्धी मापदण्ड तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१७. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को,-

(१) उपदफा (२) को,-

(१) खण्ड (ङ) मा रहेका "प्राप्त हुने रकम" भन्ने शब्दहरूको सट्टा "प्राप्त हुने रकमको आधा रकम," भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) दफा ४९ को उपदफा (२) बमोजिम प्राप्त रकम,"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।"

(३) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना गर्न प्रदेश सरकारले प्रदेश कानून बमोजिम वा स्थानीय तहले स्थानीय कानून बमोजिम पुनःस्थापना कोष स्थापना र सञ्चालन गर्न सक्नेछ।"

१८. **मूल ऐनको दफा ३२ मा संशोधनः** मूल ऐनको दफा ३२ को उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका "स्वास्थ्य सेवा सहितको" भन्ने शब्दहरुको सट्टा पछि "स्वास्थ्य सेवा, अनौपचारिक शिक्षा र तालिम सहितको" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ख) मा रहेका "परिवारबाट त्यागिएका" भन्ने शब्दहरुको सट्टा "रेखदेख गर्ने कोही नभएका" भन्ने शब्दहरु राखिएका छन्।

१९. **मूल ऐनको दफा ३३ मा संशोधनः** मूल ऐनको दफा ३३ को उपदफा (१) नेपाल सरकार तथा स्थानीय तहले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले" भन्ने शब्दहरु राखिएका छन्।

२०. **मूल ऐनको दफा ३४ मा संशोधनः** मूल ऐनको दफा ३४ को उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको आपसी समन्वयमा" भन्ने शब्दहरु राखिएका छन्।

२१. **मूल ऐनको दफा ३५ मा संशोधनः** मूल ऐनको दफा ३५ को उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको आपसी समन्वयमा" भन्ने शब्दहरु राखिएका छन्।

२२. **मूल ऐनको दफा ३७ मा संशोधनः** मूल ऐनको दफा ३७ को उपदफा (१) मा रहेका "अपाङ्गता भएका व्यक्तिलाई" भन्ने शब्दहरू पछि "प्राथमिकताको आधारमा" भन्ने शब्दहरू राखिएका छन्।

२३. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) निर्देशन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सामाजिक सेवा हेर्ने) -सदस्य

(ग) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(घ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ङ) सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(च) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(छ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ज) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य

(झ) सदस्य-सचिव, समाज कल्याण परिषद् -सदस्य

(ञ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ -सदस्य

(ट) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल -सदस्य

(ठ) अपाङ्गता भएका व्यक्तिको राष्ट्रियस्तरका महासङ्घ, सङ्घ, सङ्गठन तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थामध्ये फरक–फरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको सिफारिसमा कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य

(ड) राष्ट्रिय स्तरमा महत्त्वपूर्ण योगदान पुर्‍याएका अपाङ्गता सम्बन्धी विषयका विज्ञमध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ढ) प्रतिनिधि, जिल्ला समन्वय समिति महासङ्घ नेपाल -सदस्य

(ण) प्रतिनिधि, नगरपालिका सङ्घ नेपाल -सदस्य

(त) प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल -सदस्य

(थ) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य सचिव"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) को खण्ड (ठ) र (ड) बमोजिमको सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्तो सदस्यको पदावधि दुई वर्षको हुनेछ।"

२४. **मूल ऐनको दफा ३९ मा संशोधनः** मूल ऐनको दफा ३९ को खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-

"(थ१) दफा ३० बमोजिमको पुनःस्थापना कोष परिचालन सम्बन्धमा नीतिगत सिफारिस गर्ने,"

२५. **मूल ऐनको दफा ४० मा संशोधनः** मूल ऐनको दफा ४० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) निर्देशन समितिको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ।"

(२) उपदफा (२) र (५) मा रहेका "र निजको अनुपस्थितिमा उपाध्यक्षले" भन्ने शब्दहरूको सट्टा "र निजको अनुपस्थितिमा मन्त्रालयको सचिवले" भन्ने शब्दहरू राखिएका छन्।

२६. **मूल ऐनको दफा ४२ मा संशोधनः** मूल ऐनको दफा ४२ को,-

(१) उपदफा (२) को खण्ड (ग) मा रहेका "प्रधानाध्यापक वा स्रोत व्यक्तिमध्येबाट" भन्ने शब्दहरूको सट्टा "प्रधानाध्यापक मध्येबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) गाउँपालिका वा नगरपालिकाको सम्बन्धित विषय हेर्ने महाशाखा वा शाखा प्रमुख - सदस्य-सचिव"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कुनै सदस्य अपाङ्गता भएका व्यक्ति भएमा निज उपदफा (२) बमोजिमको समन्वय समितिको सदस्य रहनेछ।"

२७. **मूल ऐनको दफा ४३ मा संशोधनः** मूल ऐनको दफा ४३ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) अनुसूची-२ बमोजिम असक्तताको गम्भिरताको आधारमा प्राप्त भएको कुनै परिचयपत्रलाई पुनरावलोकन गर्न वा वर्ग परिवर्तन गर्नु परेमा स्थानीय तहलाई सिफारिस गर्ने,"

२८. **मूल ऐनको दफा ४५ मा संशोधनः** मूल ऐनको दफा ४५ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई प्रदेश स्तरबाट उपलब्ध हुन सक्ने सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित प्रदेश सरकारको हुनेछ।"

२९. **मूल ऐनको दफा ४९ मा संशोधनः** मूल ऐनको दफा ४९ को उपदफा (३) झिकिएको छ।

३०. **मूल ऐनको दफा ५१ मा संशोधनः** मूल ऐनको दफा ५१ को,-

(१) उपदफा (१) मा रहेका "सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहको न्यायिक समिति" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२), (३), (४) र (६) मा रहेका "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरूको सट्टा "न्यायिक समितिले" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) उपदफा (३) वा (६) बमोजिम न्यायिक समितिले दिएको आदेश उपर चित्त नबुझ्नेले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

३१. <u>मूल ऐनको दफा ५५ मा संशोधनः</u> मूल ऐनको दफा ५५ को उपदफा (६) मा देहायको स्पष्टीकरण राखिएको छः-

"स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "निजप्रतिको दायित्व" भन्नाले प्रचलित कानून बमोजिम पदीय जिम्मेवारी, पारिवारिक र सामाजिक व्यवहार वा संस्कार बमोजिम निर्धारित जिम्मेवारी सम्झनु पर्छ।"

३२. <u>मूल ऐनको दफा ५९ मा संशोधनः</u> मूल ऐनको दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छः-

"**५९. घुम्ती सेवा सञ्चालन गर्न सक्नेः** अपाङ्गता भएका व्यक्तिले पाउने सेवा सुविधा सहज रूपमा उपलब्ध गराउनका लागि प्रदेश सरकार वा स्थानीय तहले यस ऐन र सम्बन्धित प्रदेश वा स्थानीय तहको कानून बमोजिम आवश्यकता अनुसार घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ।"

३३. <u>मूल ऐनमा दफा ५९क. थपः</u> मूल ऐनको दफा ५९ पछि देहायको दफा ५९क. र ५९ख.थपिएका छन्:-

"**५९क. प्रदेश र स्थानीय तहले कानून बनाउन सक्नेः** अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलनका लागि यस ऐनको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रदेश सरकार वा स्थानीय तहले आवश्यक कानून बनाई कार्यान्वयन गर्न सक्नेछ।

"**५९ख. उपचार तथा मनोसामाजिक परामर्शः** नेपाल सरकारले लैङ्गिक हिंसामा परेका अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानुन बमोजिम स्थापना भएको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र मार्फत उपचार तथा मनोसामाजिक परामर्श लगायतको सेवा प्रदान गर्नुपर्नेछ।"

३४. <u>मूल ऐनको दफा ६१ मा संशोधनः</u> मूल ऐनको दफा ६१ को सट्टा देहायको दफा ६१ राखिएको छः-

"**६१ कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।"

३५. <u>अनुसूचीमा संशोधनः</u> मूल ऐनको अनुसूचीको सट्टा यसैसाथ संलग्न अनुसूची-१ र अनुसूची-२ राखिएका छन्।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### शारीरिक अङ्ग वा प्रणालीमा भएको कार्यगत सीमितता आधारमा अपाङ्गताको वर्गीकरण

शारीरिक अङ्ग वा प्रणालीमा भएको कार्यगत सीमितताको आधारमा अपाङ्गता भएका व्यक्तिः-

१. शारीरिक अपाङ्गताः स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँड्डुलमा समस्या (जस्तैः बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लबफीट पैंताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति।

२. दृष्टि सम्बन्धी अपाङ्गताः दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,

(क) दृष्टि विहीनताः औषधी, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुवै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति।

(ख) न्यून दृष्टियुक्तः औषधी, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुवै आँखाले बीस फिटको दूरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने।

(ग) पूर्ण दृष्टिविहीनः पूर्ण रूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति।

३. सुनाइ सम्बन्धी अपाङ्गताः सुन्ने अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने,

(क) बहिराः असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नु पर्ने व्यक्ति।

(ख) सुस्तश्रवणः सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठीदेखि असी डेसिबलसम्मको ध्वनि सुन्न नसक्ने व्यक्ति।

४. श्रवण दृष्टिविहीन अपाङ्गताः सुनाइ सम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुई वटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति।

५. स्वर र बोलाइ सम्बन्धी अपाङ्गताः स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति।

६. मानसिक वा मनोसामाजिक अपाङ्गताः मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति।

७. बौद्धिक अपाङ्गताः उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति (जस्तोः डाउन्स सिन्ड्रोम समेत)।

८. <u>अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गताः</u> अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति।

९. <u>अटिज्म सम्बन्धी अपाङ्गताः</u> जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति (जस्तोः सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)।

१०. <u>बहुअपाङ्गताः</u> एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति (जस्तैः मस्तिष्क पक्षघात आदि)।

## अनुसूची-२

(दफा ३ को उपदफा (१) र सँग सम्बन्धित)

### अशक्तताको गम्भीरताको आधारमा अपाङ्गताको वर्गीकरण

अशक्तताको गम्भीरताको आधारमा अपाङ्गता भएका व्यक्तिः-

(क) पूर्ण अशक्त अपाङ्गताः आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न पूर्ण रुपमा अरुको सहयोग लिँदा पनि कठिनाइ हुने देहायका अवस्थाका व्यक्तिलाई (क) वर्गको रातो रङ्गको परिचयपत्र उपलब्ध गराइनेछः-

(१) व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीमा भएको क्षति र यसले ल्याएको कार्यगत सीमीतताका कारण व्यक्तिको अवस्था गम्भीर भई अरूको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न कठिन हुने,

(२) सामान्य दैनिक क्रियाकलाप पनि आफैं गर्न नसक्ने, निरन्तर सघन हेरचाहको आवश्यक पर्ने, श्रवण दृष्टिविहीन, तीव्र बौद्धिक अपाङ्गता भएका, तीव्र रूपमा अटिज्म प्रभावित, गम्भिर मनोसामाजिक अपाङ्गता, शारीरिकरुपमा पूर्ण रुपमा हलचल गर्न नसक्ने, मेरुदण्डमा सम्बन्धी गम्भीर चोटका कारण ह्वीलचेयर समेत निरन्तर अरुको सहायता चाहिने व्यक्ति,

(३) दुई वा सोभन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भई दैनिक क्रियाकलाप अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने,

(ख) अति अशक्त अपाङ्गताः वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरुको सहयोग लिनुपर्ने देहायका अवस्थाका व्यक्तिलाई (ख) वर्गको निलो रङ्गको परिचयपत्र उपलब्ध गराइनेछः-

(१) शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति वा सीमीतताका कारण निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शकको सहयोगमा आफ्नो दैनिक क्रियाकलाप लगायत हिँड्डुल र सञ्चार गर्न कठिनाइ हुने,

(२) मस्तिष्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा सीमीतताका कारण शरीरको ढाड, हात, गोडा, कम्मरले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्था रहेका,

(३) दुवै हात कुमदेखि वा पाखुरादेखि मुनि पूरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने,

(४) दृष्टिविहीन र पूर्ण दृष्टिविहीन,

(५) सञ्चारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रूपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलाप स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका, अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका।

(ग) <u>मध्यम अपाङ्गताः</u> भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरुको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाका देहायका व्यक्तिलाई (ग) वर्गको पहेंलो रङ्गको परिचयपत्र उपलब्ध गराइनेछ :-

(१) कृत्रिम अङ्ग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगबाट सामान्य हिँड्डुल लगायत दैनिक जीवनका क्रियाकलाप स्वयं गर्न सक्ने,

(२) विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिँड्डुल गर्न सक्ने,

(३) कुम वा पाखुरा भन्दा मुनि एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,

(४) दुवै हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढीऔंला र चोरीऔंला गुमाएका,

(५) दुवै गोडाको कुर्कुच्चाभन्दा मुनिको भाग नभएका तर सामान्य हिँड्डुल गर्न सक्ने,

(६) मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,

(७) सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिजम भएका,

(८) श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्न सक्ने सुस्तश्रवण भएका,

(९) शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका,

(१०) ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका,

(११) बोल्दा अड्किने, शब्द वा अक्षर दोहोऱ्याउने समस्या तीव्र भएका भकभके,

(१२) तीन फिट भन्दा मुनिका होचापुड्का,

(१३) चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहीन, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त,

(१४) अनुवंशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँड्डुलमा कठिनाइ हुने,

(१५) मानसिक वा मनोसामाजिक अपाङ्गता भएका।

(घ) <u>सामान्य अपाङ्गताः</u> सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाका देहायका व्यक्तिलाई 'घ' वर्गको सेतो रङ्गको परिचयपत्र उपलब्ध गराइनेछ :-

(१) शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलाप स्वयम सम्पादन गर्न सक्ने,

(२) हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केला भन्दा मुनि नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरीऔंला गुमाएका वा दुवै हातको हत्केला मुनिका कम्तीमा बूढीऔंला र चोरीऔंला भएका,

(३) ठूलो अक्षर पढ्नसक्ने न्यून दृष्टियुक्त,

(४) दुवै गोडाको सबै औंलाका भाग नभएका,

(५) श्रवणयन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण।

विधेयकमा सर्वसाधारणले राय सुझाव दिने सम्बन्धी ढाँचा

१. सुझाव दिने व्यक्तिको नाम,थरः

२. सम्पर्क नम्बर/ईमेलः

३. विधेयकको नामः

४. सुझावः

(क) सम्बन्धित दफा/उपदफा

(ख) सुझाव र सो को कारण